

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नै छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ माघ २० गते शुक्रबार ❑ 3 Feb. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## रास्वपाले दियो दुई दिनको समय

**रासस**
काठमाडौं, १९ माघ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले गृह मन्त्रालयको सम्बन्धमा निर्णय गर्न दुई दिनको समय दिएको छ।

बसुन्धरास्थित पार्टी कार्यालयमा बिहीबार साँझ बसेको केन्द्रीय समिति र पार्टी संसदीय दलको संयुक्त बैठकले गृह मन्त्रालय रास्वपालाई नै दिने वा नदिने भन्नेबारे निर्णय गर्न प्रधानमन्त्री र उच्चस्तरीय राजनीतिक संयन्त्रका संयोजकलाई दुई दिनको समय दिने निर्णय गरिएको पार्टी प्रवक्ता मुकुल ढकालले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, 'आजको बैठक बस्नुभन्दा पहिला प्रधानमन्त्री पुष्पकमल दाहाल ' प्रचण्ड'र नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले दुई दिनको समय दिन अनुरोध गर्नुभएको थियो, सोही अनुरुप राजनीतिक इमान्दारिताको निम्ति बैठक दुई दिन सारिएको छ।'

सर्वोच्च अदालतले माघ १३ गते उपप्रधान एवं गृहमन्त्री लामिछानेको नागरिकतासम्बन्धी मुद्दामा दोषी ठहर गरेपछि मन्त्री तथा सांसद र पार्टी सभापति पद गुमेको थियो । नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारमा लामिछाने ११ पुसमा उपप्रधान तथा गृहमन्त्री बन्नुभएको थियो । यही माघ १५ गते काठमाडौँ जिल्ला प्रशासन कार्यालयबाट कानुन बमोजिम सभापति लामिछानेले पुनःनागरिकता लिइ सक्नुभएको छ। रास्वपाबाट हाल श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्याल, शिक्षामन्त्री शिशिर खनाल र स्वास्थ्य राज्यमन्त्री डा तोसिमा कार्की हुनुहुन्छ । माओवादी केन्द्रको आज बसेको स्थायी कमिटीको बैठकले भने रास्वपाका सभापति लामिछानेको नागरिकता विषयमा सर्वोच्च अदालतले गरेको मुद्दाको फैसलाको पूरा पाठ नआएसम्म सो पार्टीले धैर्य गर्नुपर्ने जनाएको थियो ।

## रास्वपाले धैर्य गर्नुपर्छ : माओवादी

**रासस**
काठमाडौं, १९ माघ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का अध्यक्ष रवि लामिछानेको नागरिकता विषयमा सर्वोच्च अदालतले गरेको मुद्दाको फैसलाको पूरा पाठ नआएसम्म सो पार्टीले धैर्य गर्नुपर्ने नेकपा (माओवादी केन्द्र) ले जनाएको छ।

पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा बिहीबार बसेको स्थायी कमिटीको बैठकबारे जानकारी दिँदै केन्द्रका प्रवक्ता कृष्णबहादुर महराले रास्वपाका अध्यक्ष लामिछानेको नागरिकतासम्बन्धी फैसलाको पूर्णपाठ नआउञ्जेलसम्म फेरि गृहमन्त्री हुनेबारे धैर्य गर्नुपर्ने विषयमा पार्टीमा छलफल भएको बताउनुभयो । 'रास्वपाले धैर्यता गर्नुपर्छ, किनभने मुद्दाको पूर्णपाठ आएको छैन, मुद्दा सकिएको पनि छैन, मन्त्रिमण्डलमा के गर्ने भन्ने विषयमा निर्णय गर्न बाँकी नै छ', उपाध्यक्ष महराले भन्नुभयो, 'सो विषयमा उहाँका भनाइ आएका छन्, तर त्यो भनाइले सत्ता साझेदार दलबीचमा कुनै समस्या पैदा भएको छैन ।' सरकारमा रहने वा सरकारबाट बाहिरिने भन्नेबारे निर्णय गर्न रास्वपाको केन्द्रीय समिति र पार्टी संसदीय दलको संयुक्त बैठक अहिले वसुन्धरास्थित पार्टी कार्यालयमा बसिरहेको छ। रास्वपाबाट हाल श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्याल, शिक्षामन्त्री शिशिर खनाल र स्वास्थ्य राज्यमन्त्री डा तोसिमा कार्की हुनुहुन्छ। सर्वोच्च अदालतले माघ १३ गते उपप्रधान एवं गृहमन्त्री लामिछानेको नागरिकतासम्बन्धी मुद्दामा दोषी ठहर गरेपछि मन्त्री तथा सांसद र पार्टी सभापति पद गुमेको थियो।

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ' प्रचण्ड' नेतृत्वको सरकारमा लामिछाने ११ पुसमा उपप्रधान तथा गृहमन्त्री बन्नुभएको थियो।

यही माघ १५ गते काठमाडौँ जिल्ला प्रशासन कार्यालयबाट कानुनबमोजिम लामिछानेले पुनः नागरिकता लिइसक्नुभएको छ । नागरिकता प्रकरणमालामिछानेलेउपप्रधानमन्त्री तथा गृहमन्त्री पद गुमाएपछि रास्वपाले फेरि उक्त मन्त्रालय आफूहरूलाई नै दिनुपर्ने माग गर्दै आएको छ।

## पोखराको पर्यटन प्रवर्द्धन गर्न प्रभावकारी कार्यक्रम ल्याउनु पर्नेमा व्यवसायीको जोड

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ माघ**

पर्यटकीय नगरी पोखरा र पोखरा क्षेत्रको पर्यटन प्रबर्द्धन गर्न प्रभावकारी कार्यक्रम ल्याउनु पर्ने व्यवसायीहरुले जोड दिएका छन् । कोभिड १९, माघ १ गते पोखरामा यति एयरलायन्स को विमान दुर्घटनाले गर्दा खस्केको पोखराको पर्यटन क्षेत्रलाई माथि उकास्न प्रभावकारी कार्यक्रम ल्याउनु पर्ने व्यवसायीहरुले जोड दिएका छन् ।

पोखरामा विमान दुर्घटनाको घटनाले आफुहरु निकै दुःखि भएको बताएका पोखरा क्षेत्रका उद्योगी व्यवसायीहरुले अब पोखराको पर्यटन प्रबर्द्धन गर्न केही प्याकेज सहितको प्रभावकारी कार्यक्रम ल्याउनु पर्नेमा जोड दिएका हुन्। हाम्रो जिज्ञासामा पोखरा क्षेत्रका केही व्यवसायीहरुले माघ १ गते भन्दा अघिको अबस्थामा फर्काउन राज्य र निजी क्षेत्रको सहकार्य आवश्यक भएको बताएका छन् ।

पोखरामा भएको विमान दुर्घटनाको बिषयले गर्दा आफुहरु निकै दुःखी भएको पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले बताए । हवाई दुर्घटनाको बिषयले गर्दा पोखरामा



सकरात्मक सन्देश प्रवाह गर्न सबै क्षेत्र लाग्नु पर्ने बताउदै उनले त्यसको लागि व्यवसायीहरु तयार रहेको बताए । उनले भने "हवाई रुट र सडक मार्गको सुरक्षाको ग्यारेन्टी हुनु पर्‍यो, पोखरा र पोखरा क्षेत्रमा आउने पाहुनालाई स्वागत सत्कार गर्न हामी तयारी अस्बस्थामा रहेका छौं, हामी छिट्टै पुनः उत्थान गर्न चहान्छौं ।"

विज्ञ टोली सहित सरोकारवालाहरुसंगको बृहत छलफलबाट पोखराको पर्यटन प्रबर्द्धन हुने गरी ठोस कार्यक्रम ल्याउने योजनामा आफुहरु रहेको अध्यक्ष श्रेष्ठले बताए । स्थानिय निकाय, प्रदेश सरकार, संघिय सरकार र नेपाल पर्यटन वोर्ड तथा विभिन्न संघ संस्थाको सहकार्यमा पोखराको पर्यटन प्रबर्द्धन गर्न आवश्यक भएको उनले जनाए । पोखरामा हाल आन्तरिक तथा बाह्यि पर्यटकहरुको सङ्ख्यामा कमी भएको अध्यक्ष श्रेष्ठले बताए।

पोखरामा विमान दुर्घटना पश्चात हाल हवाई उडान समेत केही मात्रामा प्रभावित भएको छ । पोखरा काठमाण्डौं करिब २२ वटा उडान हुने भए पनि हाल घटेर १५ वटा मात्र उडान हुन थालेको पोखरा अन्तराष्ट्रिय विमानस्थलका प्रमुख बिक्रम गौतमले बताए। हाल अफ्सिजन समेत भएको र विमान दुर्घटनाको बिषयले गर्दा पनि हवाई उडान गर्ने यात्रुको सङ्ख्या समेत घटेको एयरलायन्स कम्पनीहरुले बताएका छन् । पोखरा उद्योग बाणिज्य संघका अध्यक्ष पवन प्रजापतीले यति वेला व्यवसायीहरु निकै पिडादायी अबस्थामा रहेको बताए । ७ प्रतिशतमा लिएका ऋणको व्याज एकाएक दोब्बर १४ प्रतिशत पुराउदा व्यवसायीहरु मर्कामा परेको गुनासो गर्दै उनले राज्यले सहित निती नियम र नियमन गर्न नसक्दा व्यवसायीहरु पलायन हुन सक्ने अबस्था आउन थालेको समेत बताए । समाजमा इज्जत प्रतिष्ठा कमाएको मान्छेले एक एक प्रतिशतको आधारमा आफ्नो काम बाडफाँड गरी बजेट विनियोजन गरी काम गरेको अबस्थामा बैंकहरुले दोब्बर व्याजदर बढाउनुले राज्यले आफुलाई सौतानी व्यवहार गरेको उनले बताए । नेपाल सरकार र राष्ट्र बैंक बिचको सहकार्य नहुँदा पनि आफुहरु बैंकको चर्को व्याजको मारमा परेको अध्यक्ष प्रजापतीले बताए । ठुला व्यवसायीहरुलाई जे गर्दा पनि छुट साना र मध्यम व्यवसायीहरुलाई भने विभिन्न बाधा अड्चन तेर्साइ बढी तनाव दिने काम भएको उनले गुनासो गरे । काठमाण्डौंमा जसारी प्रेम प्रसाद आचार्यले आर्थिक कारणले गर्दा आत्मदाह गरे त्यसको केही झिल्को पोखरा क्षेत्रमा पनि पार्न थालेको अध्यक्ष प्रजापतीले जनाए। राज्यले आम नागरिक र व्यवसायीको सुरक्षा गरी आत्मदाहलाई निरुत्साहित पार्ने गरी कार्यक्रम ल्याउन उनले सरकारसमक्ष आव्हान


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## निर्वाचन प्रणालीको विधिमा सुधार आवश्यक : अध्यक्ष ओली

**रासस**
काठमाडौं, १९ माघ

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले लोकतन्त्रलाई संस्थागत र सुदृढ गर्नका लागि निर्वाचन प्रणालीको विधिलाई सुधार गरी राजनैतिक स्थिरता कायम गर्नु आजको आवश्यकता भएको बताउनुभएको छ।

विराटनगरमा बिहीबार सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले संविधान संशोधन गर्ने दस्तावेज भएपनि शासन प्रणालीमा सुधार गर्न अहिलेनै यो संशोधन गर्नुपर्ने बेला नभएको स्पष्ट पार्नुभयो।

अध्यक्ष ओलीले नेकपा एमालेको राष्ट्रपति पदमा उम्मेदवार हुनु भनेको सत्ता पक्ष र वर्तमान सत्ता समीकरणको उम्मेदवार भएको स्पष्ट पार्नुभयो ।सहमतिअनुसार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले गृहमन्त्री पाउनुपर्ने तर त्यो पार्टीले कसलाई बनाउने उसको जिम्मेवारी रहेको भन्दै उहाँले यस विषयमा कुनै छलफल नभएको र सरकारबीच असमझदारी समेत नरहेको स्पष्ट पार्नुभयो।

पूर्वप्रधानमन्त्री ओलीले वर्तमान अवस्थामा लोकतन्त्रका विरुद्ध षडयन्त्र भैरहेकोले त्यसप्रति नेपाली जनता सजग र सचेत हुनुपर्छ भन्नुभयो।

## दुई अध्यादेश स्वीकृत

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ माघ**

गण्डकी प्रदेशसभाले दुई वटा अध्यादेश स्वीकृत गरेको छ।

प्रदेशसभाको आजको बैठकले प्रदेश सरकारबाट जारी भएका निजामति सेवाको गठन, सञ्चालन र सेवाको शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश र स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश स्वीकृत गरेको हो।

बैठकमा प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री रोशनबहादुर गाहा थापाले अध्यादेशलाई स्वीकृत गरियोस् भन्दै गर्नुभएको प्रस्तावलाई सभाले सर्वसम्मत स्वीकृत गरेको हो । आजको बैठकको शून्य समयमा प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठले पृथ्वीराजमार्गको पोखरा मुग्लिन सडकखण्ड निर्माण भइरहेका अवस्थामा बाटोमा पर्ने बिजुलीका पोलले समस्या पारेको भन्दै उक्त पोल चाँडो व्यवस्थापन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। अर्का सदस्य कुसुम बुढा पुनले मध्यपहाडी लोकमार्ग निर्माण अलपत्र अवस्थामा रहेको र पटक-पटक म्याद थप हुने र काममा ढिलासुस्ती हुने गरेको जनगुनासो बढेको बताउनुभयो।

शून्य समयमा सदस्य चम्पादेवी खड्का, जीतप्रकाश आले मगर, दोर्णकुमार कुँवर, फणिन्द्र देवकोटा, विकल शेरचन, विमला गौचन, सरस्वती अर्याल तिवारी र सुधीरकुमार पौडेलले समसामयिक विभिन्न विषयमा प्रदेशसभा एवम् सरकारको ध्यानाकर्षण गराउनुभएको थियो।

बैठकको विशेष समयमा बोल्दै प्रदेशसभा सदस्य सरस्वती गुरुङले आफ्नै आम्दानीमा प्रदेश चल्ने किसिमको वातावरण निर्माणका लागि सबै जुट्नुपर्ने आवश्यकता औँल्याउनुभयो । अर्का सदस्य जीतबहादुर शेरचनले प्रदेशमा उत्पादनमा जोड दिँदै समृद्धि हासिल गर्नेतर्फ लाग्नु जरुरी रहेको बताउनुभयो । महेश भट्टराईले जनचाहना अनुरुप आर्थिक समृद्धिका लागि लाग्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

विशेष समयमा सदस्य भक्तबहादुर कुँवरले नन्दप्रसाद न्यौपाने, सुशीला सिम्खडा, विन्दु अधिकारी पहाडी, भोजराज अर्याल, गणेशमान गुरुङ, दमयन्ती रुचाल र दिलमाया पौवीले बोल्नुभएको थियो।


**शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं**

- ◆ खुल्ला स्थानमा दिसापिसाब नगरौं।
- ◆ शौचालयमा मात्र दिसापिसाब गरौं।
- ◆ दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं।
- ◆ हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।
- ◆ सफा कपडा वा तौलियाले हात पुछौं।

*जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं।*

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# स्याङ्जामा पढ्दै कमाउँदै प्रभावकारी

**पोखरापत्र संवाददाता**
वालिङ, १९ माघ

स्याङ्जाको बज्रे भञ्ज्याङ माध्यमिक विद्यालयले सञ्चालनमा ल्याएको 'पढ्दै कमाउँदै' कार्यक्रम प्रभावकारी बन्दै गएको छ।

गल्याङ नगरपालिका-११ बज्रेस्थित उक्त विद्यालयले अध्ययनसँगै श्रम र सीप विस्तार गर्नेगरी सञ्चालन गरेको उक्त कार्यक्रमअन्तर्गत कक्षा ६ देखि १० सम्मका विद्यार्थीको सक्रियतामा मौसमी तथा बेमौसमी तरकारी उत्पादन गर्दै आएको छ।

'एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम'अन्तर्गत ६७ विद्यार्थी प्रयोगात्मक सिकाइका लागि तरकारी बारीमा खटिने गरेका कक्षा १० मा अध्ययनरत अङ्कित नेपालीले बताउनुभयो । विद्यालयमा पढाई हुने विषयमा सैद्धान्तिक ज्ञान लिने गरिन्छ तर कृषि विषय यस विद्यालयमा नभए पनि प्रयोगात्मक ज्ञान लिने अवसर मिलेकामा निकै खुसी भएको उहाँले बताउनुभयो।

"साथीहरुसँग समूहमा रहेर प्रयोगात्मकरूपमा तरकारी उत्पादन गर्दा नभुलिने गरी शिक्षा प्राप्त भएको छ", अङ्कितले भन्नुभयो, "विद्यालयका गुरु तथा कृषि प्राविधिकको प्रत्यक्ष निगरानीमा हामी आफैं काम गर्छौं, उत्पादन गर्छौं र त्यसको बजारीकरण पनि गर्छौं ।" यहाँ उत्पादन भएको विभिन्न तरकारीका बेर्ना र उत्पादित तरकारी बिक्री गरेर आम्दानी भएको रकम विद्यार्थीकै कोषमा आउने गरेकाले काम गर्न थप ऊर्जा र उत्साह मिलेको उहाँको भनाइ थियो । उक्त कार्यक्रम सञ्चालनका लागि गत वर्ष नेपाल सरकारबाट प्राप्त हुने अनुदानका लागि विद्यालयले प्रस्ताव पेस गरेकामा छनोटमा परेपछि गत साउनदेखि यो कार्यक्रम सञ्चालनमा आएको विद्यालयका प्रधानाध्यापक नेत्रप्रसाद गैरेले बताउनुभयो।

उक्त कार्यक्रमका लागि रु १० लाख बजेट प्राप्त भएको थियो । विद्यालय नजिकै जग्गा भाडामा लिएर सात वटा प्लाष्टिकका टनेल निर्माण गरी विभिन्न जातका तरकारी उत्पादन हुँदै आएको छ। "विद्यार्थीको सामूहिक सक्रियतामा सञ्चालनमा रहेको यो कार्यक्रम उदाहरणीय बन्न पुगेको छ", उहाँले भन्नुभयो, "विद्यार्थी उत्साहित भएर बेर्ना राख्ने, उमार्ने, लगाउने र बजारीकरणसम्मका काम गर्छन् ।"

उत्पादित बेर्ना तथा तरकारी बजारसम्म पुऱ्याउन विद्यालयले स्थानीय तरकारी व्यापारीसँग समन्वय गरिदिएकाले पनि सहज भएको छ । उत्पादित तरकारीको मूल्य विद्यालयले निर्धारण गर्ने र बिक्री भई आएको मूल्य ती विद्यार्थीको कोषमा जम्मा गरिन्छ।
"बेर्ना तथा तरकारी बिक्रीबाट आएको रकमलाई आम्दानी बाँधेर विद्यार्थीको कोषमा जम्मा गरिदिन्छौं", प्रधानाध्यापक गैरेले भन्नुभयो, "कोषमा जम्मा भएको रकम विद्यार्थीको हाजिरीका आधारमा भुक्तानी गर्दै आएका छौं।"

विद्यालयमा हुने नियमित अध्ययनसँगै अतिरिक्त समय बारीमा गई कृषिसम्बन्धी प्रयोगात्मक ज्ञान लिने र उत्पादित तरकारी बिक्रीबाट आम्दानीसमेत लिँदै आइएकाले पनि यो कार्यक्रम प्रभावकारी बन्दै गएको उहाँको जिकिर थियो। विद्यार्थीले काँक्रा, घिरौंला, चिचिण्डो, फर्सी, करेला, लौका, बोडी, सिमी, साग, काउली, बन्दा, मूला, गाजरलगायत तरकारीका बेर्ना तथा तरकारी नै बिक्री गरी आम्दानी लिँदै आएका हुन्।

# निर्वाचन ....

समेत गरे। राज्यले यस बिषयमा समयमै कदम चाल्न नसके देशमा ठुलो दुर्घटना निम्तिन सक्ने अध्यक्ष प्रजापतीको भनाई छ। गण्डकी प्रदेशका उद्योग पर्यटन वन तथा वातावरण मन्त्री रेशम बहादुर जुगजालीले गण्डकी प्रदेशको राजधानि पोखराको पर्यटन प्रबर्द्धन गर्न निजी क्षेत्रको सहकार्यमा कुनै कार्यक्रम गर्न चाहेको बताए। प्रदेशको आर्थिक विकासको मुल आधार नै पर्यटन भएकोले पर्यटन क्षेत्रमा समस्या हुदा समग्र प्रदेशको अर्थतन्त्रमा समेत असर पर्ने भएकोले पर्यटन प्रबर्द्धन गर्न आवश्यक भएको उनको भनाई थियो । हालै नवनिर्वाचित मन्त्री जुगजालीले मन्त्रालय सम्हाले पछि केही फरक काम र केही नतिजा दिने गरी कार्यक्रम ल्याउने योजनामा रहेको समेत बताए ।

# मिस नेपालको आवेदन खुला

**रासस**
**काठमाडौं, १९ माघ**

मिस नेपाल २०२३ का लागि आवेदन खुला गरिएको छ। द हिडन ट्रेजरले बिहीबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमार्फत नयाँ संस्करणका लागि आवेदन खुला गरेको जनाएको हो।

प्रतियोगितामा सहभागी हुन इच्छुकले आगामी चैत १ गतेसम्म मिस नेपालको वेबसाइटमार्फत निःशुल्क आवेदन दिन सक्नेछन् । यो प्रतियोगितामा यसअघि जस्तै मिस नेपाल वर्ल्ड, मिस नेपाल अर्थ र मिस नेपाल इन्टरनेशनल गरी तीन मुख्य विजेताहरू हुने आयोजकले जनाएको छ। नयाँ संस्करणको प्रतियोगितामा सातै प्रदेशबाट प्रत्यक्ष अडिसन हुने भएको छ।

पत्रकार सम्मेलनमा प्रतियोगितालाई फराकिलो बनाउँदै सातै प्रदेशमा अडिसन आयोजना गरिने र स्थानिय प्रतिस्पर्धीलाई समेट्ने तयारी गरिएको द हिडेन ट्रेजरका अध्यक्ष दिवाकर राजकर्णिकारले बताउनुभयो। काठमाडौं अडिसन आगामी चैत ४ गते तथा इटहरी, वीरगन्ज, पोखरा, नेपालगन्ज, सुर्खेत र धनगढीलगायतमा क्षेत्रीय अडिसन आवेदन सङ्कलन गरिएलगतै गरिने अध्यक्ष राजकर्णिकारले जानकारी दिनुभयो।

# बलभद्र जयन्ती एवं कुँवर दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, १९ माघ



कुँवर समाज नेपाल कास्कीले संस्थाको साधारणसभा सहित अग्रजहरुलाई सम्मान गर्दै राष्ट्रिय बिभूती वीर बलभद्र कुँवरको २३४ औं जन्मजयन्ती एवं कुँवर एकता दिवसलाई बिशेष कार्यक्रमका साथ सम्पन्न गरेको छ।

प्रमुख अतिथि गण्डकी प्रदेशका सांसद माननीय भक्त बहादुर कुँवरले देश जोगाउन वीर बलभद्रले गरेको योगदानको स्मरण गर्दै राष्ट्रिय बिभूतीप्रति सम्मान व्यक्त गरे। कुँवरबन्धुलाई एकताको सुत्रमा बाँध्न कास्कीले खेलेको भुमिका सबैको लागि अनुकरणीय रहेको बताउदै बन्दै गरेको समाजघरलाई आफुले पनि सहयोग गर्ने र प्रदेश सरकारसँग पनि पहल गर्ने सो अवसरमा माननीय कुँवरले बताए। यसैगरी वडा १५ का सदस्य आशिष भण्डारीले सामुदायिक भवनमा वडाको र आफ्नो तर्फबाट सहयोग गर्ने बताए । केन्द्रीय उपाध्यक्ष निरज कुँवर थापाले बिगत दुई वर्ष अघि देखि मनाउदै आएको कुँवर दिवसको सबैलाई शुभकामना दिदै समाजले बिगत देखि गर्दै आएको गतिविधि बारे प्रस्ट्याउनु भयो।

कास्कीका पुर्व अध्यक्ष नेपाली सेनाका पुर्व मेजर बिष्णु बहादुर कुँवरले बलभद्रको जिवनी र बहादुरीको बारेमा प्रकाश पारे । सचिव र कोषाध्यक्षको प्रतिवेदन समेत पारित भएको उक्त कार्यक्रममालालित कुँवर, बुद्धिमान कुँवर थापा, निम बहादुर कुँवर, मनु कुँवर थापा, राजु कुँवर, दुर्गा बहादुर कुँवर, इन्जिनियर याम बहादुर कुँवर थापा, बिरेन्द्र कुँवर लगायतले बोल्नु भएको थियो । अग्रजहरुलाई सम्मान गरिएको सो कार्यक्रममा विभिन्न दाताहरूले भवका लागि नगद तथा जिन्सी सामान सहयोग गरेका थिए।

# रोटरी क्लब अफ पोखरा अन्नपुर्णले मनायो १७ औं स्थापना दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, १९ माघ



सन् २००६ मा सामाजिक कार्य गर्ने उद्धेश्यले स्थापना भएको रोटरी क्लब अफ पोखरा अन्नपुर्णले बुधबार स्थापनाको १७ औं वर्ष पार गरेको उपलक्ष्यमा एक कार्यक्रम गरेर मनाएको छ।

कार्यक्रमका प्रमुख अतिथि संस्थापक अध्यक्ष देवराज चालिसेले कार्यक्रमको उद्धाटन गर्दै क्लबले सामाजिक कामहरु गरिरहेको वताउँदै शिक्षा र स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेर कार्य गर्नु पर्ने वताउनु भएको थियो । कार्यक्रममा गण्डकी प्रदेश सांसद राजकुमारी भुजेलले रोटरी क्लबले गरेका कामहरु अनुकरणीउ रहेको वताउँदै सामाजिक कामहरु गर्दा तत्कालको आवश्यकता पुरा गर्ने भन्दा पनि दिर्घकालिन असर पार्ने काम गर्न आग्रह गर्नुभएको थियो । सो अवसरमा कार्यक्रम संयोजक प्रेसिडेन्ट ईलेक्ट तोयबहादुर भट्टराईले आफ्नो कार्यकालमा क्लबलाई सम्पुर्ण साथिहरूको सहयोगमा थप सशक्त र वढि क्रियाशिल भै सामाजिक कामगर्ने बताउदै स्वागत मन्तव्य दिनुभएको थियो । पुर्व अध्यक्षहरु, संस्थापक सदस्यहरू तथा विभिन्न क्लबका प्रतिनिधिहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा सार्जेन्ट आर्म नवीन बराल, सदस्य पवित्राथापामगरले धन्यबाद दिनु भएको थियो । साथै क्लबका पुर्ब अध्यक्ष ईश्वर कर्माचार्य असिष्टेन्ट गभर्नरमा मनोनित हुनुभएकोमा सम्मान गरिएको थियो।

अध्यक्ष देबेन्द्र बास्तोलाको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सचिव निकेश प्रसाद कर्माचार्यले गर्नुभएको थियो।

# गोरखा स्मारक निर्माण गर्न आर्थिक सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १९ माघ

तमुधिं युकेले स्याङ्जाको साल्मेडाँडास्थित निर्माणाधीन गोरखा स्मारक निर्माणका लागि रु एक लाख सहयोग गरेको छ।

तमुधिं युकेका अध्यक्ष हरि गुरुङ र वरिष्ठ उपाध्यक्ष जुमकाजी गुरुङले पोखरामा बुधबार आयोजित एक कार्यक्रमबीच स्मारक निर्माण समितिका अध्यक्ष जङ्गबहादुर गुरुङ, महासचिव डा चन्द्रबहादुर गुरुङलाई उक्त रकम हस्तान्तरण गर्नुभएको हो । साल्मेडाँडामा भूतपूर्व गोरखा सैनिकको योगदानलाई जीवन्त राख्ने गरी गोरखा स्मारक निर्माण भइरहेको छ।

नेपाल भ्रमण-२०२३ सकेर बेलायत फर्कन लागेको उक्त टोलीले हालै गुरुङ समुदायको बाक्लो बस्ती रहेको कास्कीको घान्द्रुक र सिक्लेस गाउँ, पर्वतको चार भञ्ज्याङ क्षेत्र र पूर्वस्थित ओखलढुङ्गाको रुम्जाटार क्षेत्रको भ्रमण गरेको थियो।

सहयोग हस्तान्तरण कार्यक्रममा गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्यमन्त्री पञ्चराम गुरुङले गुरुङ जातिहको नाममा धेरै सङ्घसंस्था र सङ्गठन खुलेको उल्लेख गर्दै धेरै सङ्घसंस्थालाई एउटै छाता संस्थामा एकीकृत गर्नुपर्नेमा जोड दिनुभयो।


**Embassy of India**
**Pension Paying Office**
**(Rambazar, Pokhara (Nepal**

**INVITING BIDS FOR LAYING OF UNDERGROUND ELECTRICITY SUPPLY LINE OF EOI, PPO, POKHARA**

1 Sealed tender documents/quotations are invited directly from reputed bidders for laying of underground electricity supply line of Embassy of India, Pension Paying Office, Rambazar, Pokhara (Nepal).
2. The last date of receipt of offer in sealed envelope is on or before 17 Feb 2023 up to 1030 hrs. The notice is also available on website www.indianembassy.org.np and eprocure.gov.in. The bid documents can be collected from Embassy of India, Pension Paying Office, Rambazar, Pokhara (Nepal). Tele No. 061-431240/061-432804/061-432805.
3. Bidders may visit the site before submitting the bid.

**Asst. Military Attache (P)**
**& Officer-in-Charge**
**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्बन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# तालिमले आत्मानिर्भर बनाउछ : ढुंगाना

पोखरापत्र संवाददाता
पोखरा, १९ माघ



पोखरा २६ जल्धारेमा सन्चालन मा आएको भेल्भेट र मखमलको चप्पल बनाउने तालिम सम्पन्न भएको छ । तालिममा पोखरा २६ का जनप्रतिनिधि सुदिपराज ढुङ्गानाले तालिमबाट सिकेको सिपबाट महिला दिदी बहिनी हरूलाइ आत्मनिर्भर बनाउदछ, आफुले सिकेको सीप लाई ब्यबहारमा उतारि सिपबाट सिकेको सिपलाई बजारिकरण गर्न सकेको अबस्थामा हरेक क्षेत्रमा सफलता हात पर्दछ, उनले बताए ।

पोखरा महानगर पालिका कार्यालय र सिटिईभिटि को सहयोगमा १२ दिनदेखि सन्चालनमा आएको तालिम पोखरा २६ भित्रका महिला दिदी बहिनिहरूलाई तालिम दिईएको हो, तालिममा २० जान महिला हरूको सहभागिता रहेको थियो ,तालिममा गण्डकी बहु प्राबिधिक शिक्षालयको ब्यबस्थापन रहेको छ, कार्यक्रममा शिक्षालयका निर्देशक लक्ष्मण तिमिल्सिनाले यस्तो तालिमले ब्यक्ति मा दिगो बिकासमा र आय आर्जनमा सहयोग गर्दछ, यस्ता तालिमले समुदायमा निरन्तर सन्चालन हुनु पर्दछ, उनले बताए । कार्यक्रममा युवा उद्धमि मन्च नेपालका केन्दिय सदस्य खेमराज तिमिल्सिना ले साना साना ब्यबसायले समुदायमा निर्तरता दिनु पर्ने बताए सहभागिको तर्फबाट सहभागी सीता ढुङ्गानाले हामीहरू यो तालिमबाट खुसि छौ यसरी अझै अरू ब्यबस्थापन सम्बन्धि तालिम को आबस्यकता रहेको बताईन ।

नमुना महिला समुहकि अध्यक्ष अंगुरदेबि ढुङ्गानाको अध्यक्षता मा सन्मन्न कार्यक्रममा प्रशिक्षक धनमाया श्रेष्ठ, गण्डकी बहुप्राबिधिक शिक्षालयका कर्मचारि ईन्द्रप्रसाद ढुङ्गाना लगायतले कार्यक्रम माथि धारणा राखेका थिए ।

# तनहुँ जलविद्युत् आयोजनाको प्रवेश सुरुङको ब्रेक थ्रु

रासस
दमौली, १९ माघ




तनहुँको ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको प्रवेश सुरुङको ' ब्रेक थ्रु' भएको छ ।

सेती नदीको बायाँ किनारतर्फबाट प्रस्तावित बाँधको माथिल्लो भागतर्फ जाने चार सय ३६ मिटर लम्बाइ र ७ मिटर व्यास भएको प्रवेश सुरुङको 'ब्रेक थ्रु' भएको हो । 'ब्रेक थ्रु' भएपछि अब सेती नदीको बायाँतर्फबाट हुने निर्माणका लागि आवश्यक सामग्री तथा उपकरण लैजानसहज भएको आयोजना प्रमुख राजभाई शिल्पकारले जानकारी दिनुभयो ।

आयोजनाको पहिलो प्याकेजअन्तर्गत प्रवेश सुरुङ निर्माण गर्न २०७८ फागुन २८ मा पहिलो विस्फोट गराइएको थियो भने अन्तिम विस्फोट मङ्गलबार गरिएको प्रमुख शिल्पकारले बताउनुभयो । पहिलो प्याकेजअन्तर्गत एक सय ४० मिटर अग्लो बाँधलगायतका संरचना सोङ्ग दा कर्पोरेशन, भियतनाम-कालिका कन्सट्रक्सन प्रालि नेपाल जेभीले निर्माण गरिरहेको छ । हालसम्म मुख्य बाँध निर्माणका लागि नदी फर्काउन आवश्यक डाइभर्सन सुरुङहरु, बाँधको माथिल्लो भाग तथा स्लोप खन्ने, प्रवेश सडकको स्तरोन्नतिलगायतका काम भइरहेका छन् । आयोजनाका अनुसार पाँच सय ३९ दशमलव आठ मिटर लम्बाइको डाइभर्सन सुरुङ-१ को ब्रेक थ्रु भइसकेको छ । सुरुङ, विद्युत्गृह निर्माण र हाइड्रोमेकालीन तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायतका दोस्रो प्याकेजको काम सिनो हाइड्रो, चीनले गरिरहेको छ । त्यस्तै, तेस्रो प्याकेजअन्तर्गत दमौलीबाट चितवनको भरतपुरसम्म २२० केभीको डबल सर्किट प्रसारण लाइन निर्माण केइसी, भारतले गरिरहेको छ ।निर्माण २०८३ असारभित्र सक्ने लक्ष्य राखिएको छ । आयोजनाको कूल लागत ५० करोड ५० लाख अमेरिकी डलर अन्तर्गत एशियाली विकास बैंक (एडिबी)ले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर बेहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ ।


**गण्डकी प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## प्रविधि हस्तान्तरण सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/१०/२०**

यस कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम **दलित, विपन्न तथा परम्परागत सिप भएकाहरुको व्यवसाहिक विकासका लागि उपकरण तथा प्रविधि हस्तान्तरण कार्यक्रम**का लागी यस जिल्लामा दर्ता भई सञ्चालनमा रहेका उद्योगहरुले देहायका कागजजात सहित निम्न शर्तहरुको अधिनमा रहि यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालयवाट प्राप्त हुने निवेदन साथ रु १००।- को नगदी रसिद संलग्न राखि प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरीएको छ ।

**संलग्न गर्नुपर्ने कागजजातहरु**

- नविकरण अद्यावधिक रहेको उद्योग दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
- PAN/VAT दर्ताको प्रतिलिपी र कर चुक्ता (०७८/०७९) प्रमाणपत्रको प्रतिलिपि ।
- उद्यमीले लिएको व्यवसायसँग सम्वन्धित तालिमको प्रमाणपत्रको प्रतिलिपि ।
- पछिल्ला दुई आर्थिक वर्षहरुमा कुनै पनि सरकारी निकायवाट प्रविधि नलिएको स्वघोषणापत्र ।
- उद्योगको व्यवसाहिक योजना ।
- माग गरेको प्रविधिको कोटेशन ।

**पालना गर्नुपर्ने शर्तहरु**

- प्राप्त हुने प्रविधि उद्योग सञ्चालनको उद्देश्य अनुरुप वाहेक अन्यत्र प्रयोग गर्न पाईने छैन ।
- प्राप्त हुने प्रविधि तिन वर्षसम्म वेचविखन वा हक हस्तान्तरण गर्न पाईने छैन
- प्राप्त हुने प्रविधि सम्झौता वमोजिम उपयोग नगरेमा प्रविधि वापतको रकम असुल उपर गरी प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।
- प्राप्त हुने प्रविधिको कुल मूल्यको दश प्रतिशत ले हुने रकम उद्यमीले व्यहोर्नु पर्नेछ । बढीमा रु. एक लाख रुपैयाँसम्मको प्रविधि उपलब्ध गराउन सकिनेछ ।


# दुर्गमका वडा कार्यालयमा इन्टरनेट नचल्दा समस्या

पोखरापत्र संवाददाता
बागलुङ, १९ माघ

जिल्ला सदरमुकाम बागलुङ बजारदेखि सबैभन्दा दूरमा छ तमानखोला गाउँपालिका । यहाँका गाउँ निकै विकटमा छन् । अग्ला-अग्ला पहाड र छरिएका बस्तीहरू हुँदा एकदेखि अर्को गाउँ पुग्न घण्टौं लाग्ने गर्छ । गाउँहरू सामान्य विकासको पूर्वाधारले भर्खर-भर्खर जोडिँदै छन् । स्थानीय सरकार आएपछि विकासले जोडिन थालेका गाउँका नागरिक अहिलेसम्म इन्टरनेटको पहुँचदेखि निकै टाढा छन् ।

हरेक पालिकाको केन्द्रदेखि वडा-वडासम्म इन्टरनेट विस्तार गर्ने सरकारको नीतिअनुसार गाउँपालिकाले छ वटै वडा कार्यालयमा इन्टरनेट जडान गरेको छ । चार वर्ष अगाडि गाउँपालिकाले इन्टरनेट जडान गरे पनि राम्रोसँग नचल्दा कर्मचारी र सेवाग्राहीले समस्या भोग्नुपरेको छ । भौगोलिक विकटताका कारण इन्टरनेट नचल्दा सेवा प्रवाहमा समस्या भएको गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले बताउनुभयो । अध्यक्ष बुढामगरले टेकमाइन कम्पनीसँग सम्झौता गरेर सबै वडामा इन्टरनेट विस्तार गरेको भन्दै सुरु सुरुमा राम्रोसँग चले पनि अहिले कहिले चल्ने कहिले नचल्ने गरेको बताउनुभयो । इन्टरनेट नियमित नचल्दा सेवाग्राही मर्कामा पर्ने गरेको अध्यक्ष बुढामगरको भनाइ छ । सेवालाई थप प्रभावकारी र गुणस्तरी बनाउन थाले पनि इन्टर नेटका कारण सोचेअनुसार काम गर्न नसकेको उहाँले बताउनुहुन्छ । अध्यक्ष बुढामगर भन्नुहुन्छ, 'वडा कार्यालय निकै विकट ठाउँमा छन्, डाँडापाखा हुँदै इन्टरनेटको केवल पुऱ्याइएको छ, नेट कहिले चल्छ कहिले चल्दैन, पञ्जीकरण, राजस्व सङ्कलन, कार्यालयका कागजातसम्बन्धी तथा अन्य काम इन्टरनेटबाटै गर्नुपर्छ तर नचल्दा समस्या भएको छ, सेवाग्राहीलाई दिउँसोभर कुराउनुपर्ने अवस्था छ ।' उहाँले पालिकाको वडा नम्बर ४, ५ र ६ मा बढी समस्या भएको बताउनुभयो । वडा कार्यालयसँगै केही विद्यालयमा पनि इन्टरनेट विस्तार गरेको उहाँको भनाइ छ ।


**गण्डकी प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## प्रविधि हस्तान्तरण सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/१०/२०**

यस कार्यालयको स्विकृत वार्षिक कार्यक्रम बमोजिम **सञ्चालित उद्योग प्रवर्धनका लागि साझेदारीमा उद्यमीहरुलाई उपयुक्त प्रविधि हस्तान्तरण कार्यक्रम**का लागि यस जिल्लामा दर्ता भई सञ्चालनमा रहेका उद्योगहरुले देहायका कागजजात सहित निम्न शर्तहरुको अधिनमा रहि यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालयवाट प्राप्त हुने निवेदन साथ रु १००।- को नगदी रसिद संलग्न राखि प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरीएको छ ।

**संलग्न गर्नुपर्ने कागजजातहरु**

- नवीकरण अद्यावधिक रहेको उद्योग दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
- PAN/VAT दर्ताको प्रतिलिपी र कर चुक्ता (०७८/०७९) प्रमाणपत्रको प्रतिलिपि ।
- उद्यमीले लिएको व्यवसायसँग सम्वन्धित तालिमको प्रमाणपत्रको प्रतिलिपि ।
- पछिल्ला दुई आर्थिक वर्षहरुमा कुनै पनि सरकारी निकायवाट प्रविधि नलिएको स्वघोषणापत्र ।
- उद्योगको व्यवसाहिक योजना ।
- माग गरेको प्रविधिको कोटेशन ।

**पालना गर्नुपर्ने शर्तहरु**

- प्राप्त हुने प्रविधि उद्योग संचालनको उद्देश्य अनुरुप बाहेक अन्यत्र प्रयोग गर्न पाईने छैन ।
- प्राप्त हुने प्रविधि तिन वर्षसम्म बेचबिखन वा हक हस्तान्तरण गर्न पाईने छैन ।
- प्राप्त हुने प्रविधि सम्झौता बमोजिम उपयोग नगरेमा प्रविधि वापतको रकम असुल उपर गरी प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।
- प्राप्त हुने प्रविधिको कुल मुल्यको पचास प्रतिशतले हुने रकम उद्यमीले व्यहोर्नु पर्नेछ । बढीमा रु. एक लाख रुपैयाँसम्मको प्रविधि उपलब्ध गराउन सकिनेछ ।



**त्रिभुवन विश्वविद्यालय**
**वन विज्ञान अध्ययन संस्थान**
**पोखरा क्याम्पस, पोखरा**

## शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

१. **ल्याब सप्लाई** Equipment **सप्लाई गर्ने सम्बन्धी परिमार्जित शिलबन्दी बोलपत्र आव्हानको सूचना ।**
यस क्याम्पसको फरेष्ट्र प्रोडक्ट युटिलाईजेशन ल्याब Equipment खरिद गर्नुपर्ने भएको हुँदा भ्याट सहित रु. २०,१५,०००।- मा नबढाई सप्लाई गरी जडान गर्न इच्छुक, कालो सूचीमा नपरेका ल्याब Equipment हरु सप्लाई गर्न ईजाजत प्राप्त फर्म वा पार्टीहरुबाट मिति २०७९/११/१० गतेभित्र रीतपूर्वकको शीलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

२. **क्याम्पस परिसरको वाउण्डरीवालमा तारबार लगाउने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।**
यस क्याम्पस परिसरको वाउण्डरी वालमा तारबार लगाउनुपर्ने भएको हुँदा भ्याट सहित रु. ६,१२,१००।०७ मा काम गर्न इच्छुक इजाजत प्राप्त फर्म वा पार्टीहरुबाट मिति २०७९/११/०५ गतेभित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

३. **क्याम्पसको प्रशासकीय भवनमा फर्निसिङ्ग गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।**
यस क्याम्पसको प्रशासकीय भवनमा फर्निसिङ्गको कार्य गर्नुपर्ने भएको हुँदा भ्याट सहित रु. ५,९२,६०४।४१ मा काम गर्न इच्छुक आधिकारिक इजाजत प्राप्त फर्म वा पार्टीहरुबाट मिति २०७९/११/०५ गतेभित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

४. **शिरिष छात्रवासको** Water Proofing **गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।**
यस क्याम्पसको शिरिष छात्रावासमा Water Proofing तथा अन्य मर्मत कार्य गर्नुपर्ने भएको हुँदा भ्याट सहित रु. १०,१०,७६७।३९ मा काम गर्न इच्छुक अनुभवी आधिकारिक इजाजत प्राप्त फर्म वा पार्टीहरुबाट मिति २०७९/११/०५ गते भित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

५. **अन्नपूर्ण छात्रवासको** Water Proofing **गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।**
यस क्याम्पसको अन्नपूर्ण छात्रावासमा Water Proofing तथा अन्य मर्मत कार्य गर्नुपर्ने भएको हुँदा भ्याट सहित रु. १०,१०,७६७।३९ मा काम गर्न इच्छुक अनुभवी आधिकारिक इजाजत प्राप्त फर्म वा पार्टीहरुबाट मिति २०७९/११/०५ गतेभित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

६. **क्याम्पस मूलगेटमा पार्किङ्ग स्थल निर्माण गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।**
यस क्याम्पसको मूलगेट नजिक पार्किङ्ग स्थल बनाउनुपर्ने भएको हुँदा भ्याट सहित रु. २,४९,०४९।७० मा काम गर्न इच्छुक आधिकारिक इजाजत प्राप्त फर्म वा पार्टीहरुबाट मिति २०७९/११/०५ गतेभित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

७. **क्याम्पस मूलगेटको स्तरोन्नति गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।**
यस क्याम्पसको मूलगेटको स्तरोन्नति गर्नुपर्ने भएको हुँदा भ्याट सहित रु. १,७४,७००।३२ मा काम गर्न इच्छुक आधिकारिक इजाजत प्राप्त फर्म वा पार्टीहरुबाट मिति २०७९/११/०५ गतेभित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

विस्तृत जानकारीका लागि यस क्याम्पसको वेवसाइट हेर्न वा क्याम्पसमा सम्पर्क राख्नुहोला ।

**क्याम्पस प्रमुख**